नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ 

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० | अंक ३१ | २०७७ साल भदौं ८ गते सोमबार (24 Aug 2020 Monday) | मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- संक्रामक रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- एच.आई.भि वा हेपाटाईटिस बी को रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- यातना दिनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- व्यक्ति बेपत्ता पार्नेलाई पन्ध्र वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिवाना हुने,
- अपहरण गर्ने वा शरीर बन्धक लिनेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार देखी एक लाख रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : सङ्क्रमितलाई घृणा होइन, ... ३ पृष्ठमा : थन्कियो भेण्टिलेटर : ... ३ पृष्ठमा ट्रम्पद्वारा खोपको मानव ...

# भेन्टिलेटर संचालन र पिसिआर परिक्षणको दायरा बढाउन माग गर्दै अस्पताल गेटमा प्रदर्शन




**दैनिक समाचारदाता**
**राजविराज, ७ भदौं ।**

नेपाली काँग्रेस र नेवि संघ सप्तरीका यूवाहरुले कोरोना संक्रमणले जोखिम बढ्दै गएपनि सरकार लापरवाह बन्दै गएको भन्दै आइतबार सरकारबिरुद्ध राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल अगाडी प्रदर्शन गरेका छन् ।

काँग्रेस र नेवि संघका यूवा नेताहरुले अस्पतालको मुल गेटमा करिब एक घण्टा भेन्टिलेटर र आइसियु सेवा संचालन गर्नुपर्ने, कोरोनाको पिसिआर परिक्षण दायरा बढाउनु पर्ने तथा लकडाउन र निषेधाज्ञाले समस्यामा परेका विपन्न परिवारलाई दोश्रो चरणको राहत उपलब्ध गराउनु पर्ने लगायत माँगसहित प्रदर्शन गरेका हुन् ।

प्रदर्शन गर्दै सरकारले उक्त माँगहरु अविलम्ब सम्बोधन नगरे आन्दोलन चर्काउने चेतावनी समेत दिए ।

काँग्रेसका यूवा नेता इर्साद अन्सारीले भेन्टिलेटर र आइसियुको अभावका साथै लामो समयको बन्दाबन्दीका कारण संक्रमित र विपन्न समुदायको अकालमै ज्यान जाने गरेकाले सरकारको ध्यानाकर्षण गराउन सडकमा उत्रिएको बताए ।

जिल्लामा हालसम्म कोरोना संक्रमणबाट पाँच जनाको मृत्यु भएको र संक्रमितको संख्या दिनदिनै बढ्दै गएको अवस्थालाई ध्यानमा राखी जनस्तरबाटै भेन्टिलेटर र आइसियु संचालनको माँग उठिरहेको बेला त्यसमा थप बल पुऱ्याउन सडकमा उत्रनु परेको आन्दोलित यूवाहरुको भनाई छ ।

# स्वास्थ्यकर्मीलाई प्रादेशिक अस्पताल झिकाइयो

जनकपुरधाम, ७ भदौ (रासस) ।

धनुषा जिल्लाको गङ्गुली क्वारेन्टाइनमा सङ्क्रमितको परीक्षण चिकित्सकले नगरी सरसफाइ सहयोगीबाट गराइएको घटना सन्दर्भमा क्वारेन्टाइनका चिकित्सक टोलीलाई प्रादेशिक अस्पताल जनकपुरधाम झिकाइएको छ । कोभिड१९ का धनुषा संयोजक डा जामुनप्रसाद सिंहका अनुसार सङ्क्रमितलाई सरसफाइ सहयोगीले परीक्षण गरेको घटनामा संलग्न सम्पूर्ण स्वास्थ्यकर्मी टोलीलाई प्रादेशिक अस्पताल झिकाइएको छ ।

उहाँले भन्नुभयो, "घटना सन्दर्भमा सामाजिक सञ्जालमा सार्वजनिक भएको भिडियोप्रति गम्भीर ध्यानाकर्षण भएको छ, सो बारेमा सत्यतथ्य छानबिन गरी थप विवरण २४ घण्टाभित्र सार्वजनिक गरिनेछ ।" रिक्त भएको स्वास्थ्यकर्मी टोलीको ठाउँमा नयाँ टिम आइतबारै पठाइने जनाइएको छ ।




# दुई स्वास्थ्यकर्मीसहित १० जना संक्रमित

**दैनिक समाचारदाता**
**राजविराज, ७ भदौं ।**

सप्तरीमा आइतबार दुई स्वास्थ्यकर्मीसहित दश जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

गजेन्द्र नारायण सिंह अस्पतालको पिसिआर प्रयोगशालाको रिपोर्ट अनुसार सोही अस्पतालमा तथा जिल्लाको तिरहुत गाउँपालिकास्थित गोइठी स्वास्थ्य चौकीमा कार्यरत दुई स्वास्थ्यकर्मी तथा एक महिलासहित १० जनामा संक्रमण देखिएको हो ।

यस्तै खडक नगरपालिकाका ३, महदेवा गाउँपालिकाका २, शम्भुनाथ नगरपालिका, विष्णुपुर गाउँपालिका र तिलाठी कोइलाडी गाउँपालिकाका एक/एक जनामा पनि कोरोना संक्रमणको पुष्टि भएको छ । योसँगै कोरोना संक्रमितको संख्या ७ सय २६ पुगेको छ ।

# उपचारका लागि ल्याउँदै गर्दा प्रअको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ७ भदौं ।**

स्वासप्रश्वासमा समस्या देखिएपछि उपचारका लागि गजेन्द्र नारायण सिंह अस्पताल ल्याउँदा ल्याउँदै आइतबार एक प्रधानाध्यापकको मृत्यु भएको छ ।

रुपनी गाउँपालिका वडा नं. ४ घर भई विष्णुपुर

*बाँकी अन्तिम पृष्ठमा*

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit | prabhu Money Transfer | CITY EXPRESS | IME International Money Express | IME pay | himal remit हिमालरेमिट | CG Money | MoneyGram money transfer

## सम्पादकीय ....

# आइसियु संचालन र भेन्टिलेटर जडान गर्न पहल होस्

राजविराजस्थित एक मात्र सरकारी अस्पताल गजेन्द्र नारायण सिंह अस्पतालमा अहिले आइसियु र भेन्टिलेटरको अभावमा बिरामीहरु बाध्य भई रेफर हुने गरेका छन् । विगत लामो समयपछि अस्पतालको केही स्तरोन्तरी भएको छ । विगत भन्दा अहिले वर्तमान समयमा अस्पतालमा दक्ष जनशक्ति आएका छन् । जसकारण कुनै जटिल प्रकृतीका बिरामी बाहेक अन्य बिरामीहरु उपचार यही सम्भव रहेको छ । लामो प्रयासपछि अस्पतालले आफ्नो छबीलाई सुधार गरेको छ । तर, अहिले पनि अस्पतालमा आइसियु र भेन्टिलेटर रहेको छैन् । जसकारण बिरामीलाई धरान र बिराटनगर बाध्य भएर जानु परेको छ ।

कोरोना महामारीको समयमा सबै भन्दा बढी आवश्यक आइसियु र भेन्टिलेटर कै हुनेगरेको छ । भाइरस संक्रमित सामान्य बिरामी आइसोलेशनबाटै निको हुन्छन् भने केही गम्भिर प्रकृतिका बिरामीलाई आइसियु र भेन्टिलेटरमा राख्नु पर्ने हुन्छ । तर, सोको व्यवस्था नहुँदा त्यस्ता बिरामीलाई अन्यत्र रेफर गर्दा बाटोमै ज्यान जाने सम्भावना पनि उत्तिकै छ । अस्पतालमा चार वटा भेन्टिलेटर रहेपनि जडान हुन सकेको छैन् भने जडान भइहाले त्यसलाई चलाउने जनशक्ति छैन् ।

तसर्थ सम्बन्धीत निकायहरुले उपलब्ध उपकरणहरुलाई जडान गरि जनशक्तिको परिपूर्ती गरेर बिरामीलाई सेवा दिन तत्परता देखाउनु अतिनै आवश्यक छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# सङ्क्रमितलाई घृणा होइन, सहयोग र माया दिऔँ

काठमाडौँ, ७ भदौ (रासस) ।

"हामी 'सो सिल' भई बसेका छौँ, हामीलाई हौसला दिनुको साटो कोरोना सङ्क्रमितको घर भन्ने फ्लेक्स व्यानरसहित एक झुण्ड समाजसेवी मेरो घर बाहिर आएको देख्दा म अच्चम्मित भएको छु" कोभिड-१९बाट सङ्क्रमित चितवनको बकुलहर रत्ननगर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा विश्वबन्धु बगालेले केही दिनअघि आफ्नो फेसबुक स्टाटसमा लेख्नुभयो, "यस्ता मानसिकता भएका छिमेकी हुनुभन्दा नभएकै जाति, तपाइको छिमेकी यस्ता नपरुन् हाम्रो शुभकामना ।"

उहाँको स्टाटसको अन्त्यमा उल्लेख गर्नुभएको सन्देश छ, "सामाजिक बहिस्कारको पीडा अरुलाई नपरोस्, आत्मबल कमजोर भएका तिमीहरुका हर्कतबाट नमरुन् ।"

अस्पतालको मेडिकल सुपरिटेन्डेन्ट डा बगाले कोभिड-१९ का सङ्क्रमितको उपचारमा अहोरात्र खटिँदा पोजेटिभ रिपोर्ट आयो । त्यसबारे कसरी जोगिने भनेर उहाँलाई राम्रो ज्ञान छ । समुदायमा नजाओस् भनेर आफैँ घरभित्र सुरक्षित भएर बसिरहेका बेला कोरोना सङ्क्रमण भएको भनेर सामाजिक बहिष्करणमा पर्नुभयो । यस्ता सामाजिक बहिष्कारले मानिसलाई आत्महत्यासम्म पुर्‍याउन सक्नेतर्फ सचेत गराउनकै लागि उहाँले स्टाटसमार्फत सन्देश प्रवाह गर्नुभयो ।

होम आइसोलेसनमा बसिरहनुभएका उहाँको पछिल्लो रिपोर्ट नेगेटिभ आएको छ । यसअघि पनि कुनै लक्षण भने नदेखिएको डा बगालेले बताउनुभयो । उहाँले भन्नुभयो, "मान्छेका गतिविधि समस्याग्रस्त छन् भने त्यसलाई निगरानी गर्ने हो, गतिविधिप्रति सचेत छ भने सङ्क्रमित पनि घरमै बस्दा राम्रो मान्नुपर्नेमा समाजले व्यानर राखेरै झन् पीडा थप्नु हुँदैन ।" लक्षण देखिएकालाई मात्रै अस्पताल लानुपर्ने सुझाव उहाँको छ ।

घरमा बसेको अनुभव सुनाउँदै उहाँ अब होम आइसोलेसन विकास गर्नुपर्ने टड्कारो आवश्यकता महसुस गर्नुहुन्छ । सरकारले त्यस्ता व्यक्तिका लागि घरमा राख्न मिल्ने गरी मापदण्डसमेत तयार पारिसकेको छ । लक्षण नदेखिएका र बस्न सक्ने जति घरमै बस्दा राम्रो हुने र समाजले पनि त्यसैगरी सहयोग गर्नुपर्ने धारणा उहाँको छ ।

दुई हप्ताअघि उहाँको घर वरपर टोल सुधार समितिका टोली ठाउँठाउँमा खतरा भनेर लेखिएको व्यानर टाग्न थाले । त्यसपछि डा बगालेकै घरमा टाँस्न थाले । उहाँले यसो नगर्नुस् भन्दाभन्दै पनि राखेर गए । यस्ता गतिविधिले कमजोर मानिसले मनोसामाजिक समस्यामा फस्नेतर्फ कसैल हेक्का पनि राखेनन् ।

"आफ्नो गतिविधि मान्छेले हेर्दैन, अरुको गतिविधि र अरुको कुरामा धेरै चासो दिन्छ र गफ मात्र दिन्छ, ऊ भने गाउँमा गफ लडाएर डुलिरहेको हुन्छ," कुकारानीका क्रममा डा बगालेले भन्नुभयो, "एकजना पोजेटिभ देखियो भने घर घेर्न हिँड्छ मान्छे ।"

काठमाडौँको मैतीदेवीको एक घरमा त्यसैगरी कोरोना देखियो । त्यस घरलाई पनि समाजले त्यहीरुपमा हेरिरहेको छ । आफू दिनभर डुल्ने अनि त्यस घरका मानिसको कुरा काट्न भनेपछि नपर्ने अवस्था छ भन्छन् यहाँका स्थानीय नै ।

केही दिन अघि भक्तपुरको मध्यपुरथिमी नगरापलिका-५ मा पनि त्यस्तै घटना भयो । सङ्क्रमित देखिएपछि छिमेकीले बाहिर जान नपाओस् भनेर बाहिरबाटै चुकुल लगाइदिए । नगरापलिकाको टोली तथा स्वास्थ्यकर्मी आएर सम्झाएपछि मात्रै समुदाय चुकुल खोल्न तयार भए । यसले मानिसमा नकारात्मक सोचको विकास हुने नगरपालिकाका प्रमुख मदनसुन्दर श्रेष्ठ बताउनुहुन्छ ।

जतिभने पनि समुदायले स्वीकार गर्न गाह्रो पर्ने देखिएको उहाँ अनुभव सुनाउनुहुन्छ । त्यही गाउँमा एउटा परिवारका व्यक्ति बाहिरबाट आएका थिए । विहान पाउरोटी किन्न जाँदा पसलवाला नै दोकान छाडेर भागेको तीतो अनुभव सुनाउनुभयो उहाँले । यस्ता घटना मुलुकका धेरै ठाउँमा भए पनि मानिस बोल्न सकिरहेका छैनन् । हेलत्व र पीडा सहेर बसिरहेका छन् । टोलटोलमा सामाजिक तिरस्कार सहेर बस्नु परिरहेको छ ।

शनिबार साँझ पनि बानेश्वरको सिभिल अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मी राखिएको एक घरमा स्थानीय गएर घेरा हाले ।

यो घटना यस्तो अमानवीय प्रकृतिको थियो कि रोगको राउपचार गर्ने चिकित्सकलाई नै त्यहाँबाट निकाल्नुपर्ने स्थानीयको माग थियो । सुन्दा पनि अचम्म लाग्ने र दया जाग्ने यस्तो घटना मुलुकको राजधानी कै मुटु मानिने बानेश्वरका बासिन्दाले गर्छन् भने देशका अन्य भागमा हुने घटनालाई के भन्ने ?

मान्छेले लापरवाही पनि गरिरहेकाले शङ्का उब्जेको पाइन्छ । "कन्टचाक्ट ट्रेसिङमा भएको मान्छे वेपरवाह गर्दै हिँड्न पनि भएन, प्रमुख श्रेष्ठले भन्नुभयो, "समाजले पनि सङ्क्रमितलाई घृणा नगरी सावधानी अपनाएर माया दिनुपर्छ ।" यी प्रतिनिधि घटना हुन् । तर यस्ता घटना बढ्दो छ । यसतर्फ सामाजिक अगुवाको ध्यान नजाँदा अवस्था जटिलतातर्फ जाँदै छ ।

कोभिड-१९ सरुवा रोग हो । मानिसबाट सजिलै सर्न सक्ने भएकाले मानिसले अपराध गरेको झैँ घृणा गर्नु भनेको सामाजिक अपराध हो । यसले मानिसलाई विक्षिप्त बनाउने र अपराध कर्म अर्थात आत्महत्यसम्म पुर्‍याउने हुँदा समाजका प्रतिनिधि झनै सचेत हुनुपर्ने मनोविद् डा नरेन्द्रसिंह ठगुन्ना बताउनुहुन्छ । उहाँ समाजले त्यस्ता व्यक्तिलाई घृणा होइन, सहयोग र माया गर्नुपर्ने बताउनुहुन्छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतम हामी जो कोही पनि सङ्क्रमित हुन सक्ने हुँदा सङ्क्रमित हुँदैमा बरबादै भयो भन्ने सोचनाई राख्नु गलत हो भन्नुहुन्छ । यस रोग ८० प्रतिशत आफैँ निको भएर जान्छ । सरकारले जटिल रोग नआएकालाई घरमै क्वारेन्टिनमा बस्ने गरी मापदण्ड बनाएको अवस्थामा त्यसलाई स्वीकार गर्न समाज तयार हुनुपर्छ ।

"यो सङ्क्रमितको घर हो भनेर लेखेर टाँस्दा समाज कति असामाजिक भइरहेको छ भन्ने देखाउँछ, यस्ता भेदभावजन्य क्रियाकलापले समाजमा धेरै नकारात्मक असर पार्छ, डा गौतमले भन्नुभयो, "यसले सङ्क्रमण लुकाउने अवस्था आउने र मनोसामाजिक समस्या बढ्ने हुँदा भेदभावजन्य क्रियाकलापमा संलग्न नहुन र त्यस्ता गतिविधि निरुत्साहित गर्नुपर्छ ।"

अहिले स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, पत्रकार, सरसफाइकर्मीलाई सबै अग्रपङ्तिमा खटिनेलाई कोभिड-१९ देखिँदै आएको छ । उनीहरुलाई कसरी सर्‍यो भनेर कन्ट्रयाक्ट ट्रेसिङ गराउन सम्भव छैन । त्यसैले हामी आफैँ सावधानी अपनाउनु नै यसको महत्वपूर्ण उपचार हो ।

अझै स्थिति जटिल बन्दै छ । मङ्गलबार मात्रै एकैदिन एक हजार बढीमा सङ्क्रमण देखियो । एकै दिनमा ११ जनाको मृत्यु हुनु सामान्य होइन । विवरणले निक्कै सावधानी अपनाउनु पर्छ भनेर देखाएको छ, भन्नुहुन्छ डा गौतम ।

सङ्क्रमितलाई समुदायले पनि सकारात्मकरुपमा सोच्नुपर्छ । खाली क्षेत्रमा वडा र नगरपालिकाले व्यवस्थापन गरी घरमा बस्न नमिल्ने भएमा लक्षण नदेखिएकालाई त्यहाँ राख्ने संरचना विकास गर्नु पर्ने आवश्यकता छ ।

अस्पताल भरिँदै आएको अवस्थामा समाजका अगुवाले सङ्क्रमण फैलिन नदिन हाम्रो पनि सहभागित महत्वपूर्ण छ भन्ने सोचको विकास गर्नुपर्छ । तब मात्रै सभ्य समाज निर्माण गर्न सकिन्छ । सरकारले मात्रै गर्छ, उसको मात्रै जिम्मेवारी हो भनेर समाजले आफ्नो भूमिका निभाउन नसके अवस्था जटिल हुँदै जाने जनस्वास्थ्यविद्को भनाइ छ ।

जनस्वास्थ्यविद् डा अनिल भट्टराई सबैले स्वास्थ्य मापदण्ड इमान्दारीपूर्वक प्रयोग गरेमा रोगबाट जोगिन सकिने बताउनुभयो । उच्च मनोबल नभएमा कडारुप लिने भएकाले मानिसलाई रोग लाग्दैमा हेय भाव पैदा गराउन नहुनेमा जोड दिनुभयो ।

यो बेलामा अत्यावश्यक बाहेक घर बाहिर नस्किन सरकारले अनुरोध गरेको छ । निस्किए अनिवार्य मास्क लगाउन, दुई मिटरको दुरी कायम गर्न, भीडभाडमा नजान, राम्ररी सावुन पानीले हात धुन वा सेनिटाइजर लगाउन मन्त्रालयले सबैमा अनुरोध गर्दै आएको छ ।

विश्वव्यापी महामारीका रुपमा फैलिएको कोभिड-१९ को सङ्क्रमण नेपालसमेतमा उच्च दरमा फैलिएकाले त्यसलाई रोक्न जिल्ला जिल्लाले विभिन्न निर्णय गरेर अत्यावश्यक बाहेकका गतिविधिमा निषेधको आदेश जारी गरेको छ । उपत्यकासमेतमा बुधबार रातिदेखि उक्त आदेश लागू गरिएको छ ।

मुलुकमा दैनिक ५०० देखि १००० सम्म कोभिड-१९ सङ्क्रमित फेला पर्न थालेका छन् । एकैदिन ११ जनासम्मको मृत्यु भएको छ । उपत्यकामा दैनिक सयभन्दा बढी देखिँदै आएको छ । यसले उपत्यकालगायत केही ठाउँमा भने महामारीकै अवस्थामा सङ्क्रमण छ । मृत्यु हुनेको सङ्ख्या १४० भन्दा बढी पुगिसकेको छ ।

कोभिड-१९ को सङ्क्रमण सन् २०१९ को डिसेम्बर ३१ मा पहिलो पटक चीनमा देखिएको । नेपालमा गत माघ ९ गते चीनबाट आएका एक व्यक्तिमा पहिलो पटक यो सङ्क्रमण देखिएको थियो । वैशाख यता भने ह्वात्तै देखिएको हो र अहिले पनि कायमै छ ।

# महिला हिंसा अन्त्यका लागि प्रदेश र स्थानीय सरकारलाई आह्वान

काठमाडौँ, ७ साउन (रासस) ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री पार्वत गुरुङले महिला हिंसा अन्त्यका लागि सामाजिक अभियान नै सञ्चालन गर्न प्रदेश र स्थानीय सरकारलाई आह्वान गर्नुभएको छ ।

जिल्ला समन्वय समिति महासंघ, नेपालले आइतबार आयोजना गरेको 'भर्चुअल' कार्यक्रममा उहाँले सुःखी, समृद्ध र समुन्नत राष्ट्र निर्माणका लागि महिलामाथि हुने सबै प्रकारका विभेद अन्त्य हुनुको विकल्प नरहेको पनि स्पष्ट पार्नुभयो ।

मन्त्री गुरुङले समाज रूपान्तरणका माध्यमबाट मात्रै महिला हिंसा अन्त्य हुने उल्लेख गर्दै त्यसका लागि स्थानीय तहका जनप्रतिनिधिको भूमिका महत्वपूर्ण हुने स्मरण गराउनुभयो । "समाजमा विद्यमान महिला हिंसा अन्त्यका लागि सरकारले आवश्यक नीति, कार्यक्रम र योजना बनाएको छ", उहाँले भन्नुभयो, "तर, त्यसको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहका जनप्रतिनिधिले पहलकदमी लिनु पर्दछ ।"

मन्त्री गुरुङले विगतमा लामो समय स्थानीयतहमा जनप्रतिनिधि नहुँदा पनि महिला हिंसक्का घटना बढ्न गएको उल्लेख गर्दै अब त्यस्ता घटना हुन नदिन संघ, प्रदेश र स्थानीय सरकारले मिलेर काम गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । महिला हिंसा अन्त्यका लागि सरकार प्रदेश र स्थानीय सरकारलाई सबै खालको सहयोग गर्न तयार रहेको उहाँको भनाइ थियो ।

प्रमुख प्रतिपक्ष दल नेपाली काँग्रेसकी सांसद डा. डिला संग्रौंलाले महिला हिंसा अन्त्यका लागि बनाइएका नीति, नियम र कानूनको प्रभावकारी कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको थियो ।

जिल्ला समन्वय समिति महासंघकी अध्यक्ष सीताकुमारी सुन्दास, अधिकारकर्मी रेणु अधिकारीलगायतले महिला हिंसाका घटना बढ्दै गएकामा चिन्ता व्यक्त गर्दै न्यूनिकरणका लागि सरकारले ठोस योजना ल्याउनुपर्नेमा जोड दिनुभएको थियो ।

# थन्कियो भेण्टिलेटर : बिरामी रेफर

सप्तरी, ७ भदौ (रासस)।

राजविराजस्थित आइसोलेशनमा भर्ना भएका दुई जना एकाएक गम्भिर बने। उनीहरूले बान्ता गर्न थाले, ज्वरोमा कुनै कमी नआएर कमजोर र शिथिल भए। अक्सिजन कम भएर छिटो-छिटो श्वास लिन थाले। हिंडडुल गर्न असमर्थ भएपछि बिरामी अत्तालिए। बिरामी अत्तालिएको खबरपछि परिवारका सदस्य र साथी पनि चिन्तित बने।

स्वास्थ्य स्थिति बिग्रिँदै गएपछि अस्पताल, स्वास्थ्य कार्यालय, राजनीतिक दल, प्रहरी, प्रशासन, पत्रकार सबैको पहल र समन्वयमा धरानमा रहेको भेण्टिलेटर खाली गराइयो। एम्बुलेन्स चढाएर हतारमा धरानमा भर्ना गरियो। अहिले उनीहरूको अवस्थामा सुधार आएको छ।

राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा सघन उपचार कक्ष (आइसीयू) र भेण्टिलेटरको व्यवस्था नहुँदा यस्तो अवस्था आइपुगेको हो। अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेण्ट डा रणजितकुमार झाले आइतबार पुनः दुई पुरुष संक्रमितको अवस्था गम्भिर बनेको र अक्सिजन लगाएर राखिएको बताउनुभयो। हालसम्म अवस्था नियन्त्रणमा रहेको जानकारी दिदैं अवस्था थप बिग्रिए उनीहरूलाई पनि रेफर गर्नुपर्ने बताउनुभएका डाक्टर झाले हाल लक्षण भएका बिरामीको सङ्ख्या बढन थालेकामा चिन्ता गर्नुभयो।

अस्पताल मातहत १७८ शैचयाको आइसोलेशन केन्द्र सञ्चालनमा छ। भारतको कुनौलीसँग जोडिएको तिलाठी कोइलाडी गाउँपालिकाको वडा नम्बर २ लौनिया कोरोनाको हटस्पट बन्दै गएपछि सोही ठाउँमा ५० शैचयाको छुट्टै आइसोलेशन केन्द्र सञ्चालनमा छ।

सङ्क्रमितको सङ्ख्या बढदै गएपछि शम्भुनाथ नगरपालिकास्थित कठौनामा पनि थप आइसोलेशन केन्द्र सञ्चालनमा ल्याउने तयारी भइरहेको छ। संस्थागत आइसोलेशनमा मात्र राख्न असम्भव हुँदै गएपछि लक्षण नभएका सङ्क्रमितको चाहना बमोजिम होम आइसोलेशनमा बस्ने व्यवस्थासमेत गरिएको छ।

स्वास्थ्य कार्यालयले सङ्क्रमितको सङ्ख्या ७२६ पुगेको जनाएको छ। जसमध्ये पाँच पुरुषको मृत्यु भइसकेको छ। अहिले पनि सक्रिय सङ्क्रमितको सङ्ख्या २०६ रहेको स्वास्थ्य कार्यालयले जानकारी दिएको छ। सङ्क्रमितको सङ्ख्या जिल्लाभरी नै फैलिएको र बढ्दो क्रममा रहेको भन्दै जिल्ला सुरक्षा समितिले गत साउन १८ गतेदेखि जारी गरेको निषेधाज्ञालाई जिल्ला स्तरीय सङ्कट व्यवस्थापन केन्द्रले यही भदौ १५ गतेसम्मका लागि अवधि थप गरेको छ।

ठूलो सङ्ख्यामा कोरोनाका बिरामीको उपचार गरिरहेको अस्पताललाई भेण्टिलेटर र आइसियु आवश्यक रहेको प्रमुख जिल्ला अधिकारी शंकरहरी आचार्य बताउनुहुन्छ। आपतकालीन अवस्थामा बिरामीलाई सघाउन मेसिनले निकै सहयोग गर्ने चिकित्सकको भनाइ छ। स्वास्थ्य अवस्था बिग्रिए पछि दुई जनालाई धरान पठाएको राजविराजस्थित आइसोलेशन केन्द्रमा थप दुई जना विरामीलाई अक्सिजन लगाउनुपरेको उपचाररत नर्स कामना मिश्रले बताउनुभयो। उनीहरूमा गम्भीर खालको संकेत देखा परे भेण्टिलेटरसहित सघन उपचार कक्षको आवश्यकता हुने अस्पतालका निमित्त मेसु डाक्टर झाले बताउनुभयो।

अस्पतालका लागि भेण्टिलेटरको आवश्यक्ता महशुस गरी केन्द्र सरकारले छ महिना अघि नै चार भेण्टिलेटर पठाएको छ। भेण्टिलेटर अस्पतालमै थन्काएर राखिएको छ। "श्वासप्रश्वासमा समस्या आए भेन्टिलेटरले सहयोग गर्छ, जुन हामीले पाएका छौँ", अस्पतालका निमित्त मेसु डाक्टर झाले भन्नुभयो, "जनशक्ति र भौतिक पूर्वाधारको अभावमा सञ्चालन गर्न सकिएन।"

गत साउन १२ गते निरीक्षण अनुगमनका क्रममा प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउत राजविराज आउनुभएका बेला यो समस्याबारे जानकारी गराएको उल्लेख गर्दै प्रमुख जिल्ला अधिकारी आचार्यले अस्पतालबाट समेत अवस्था र आवश्यक्ताको 'स्टिमेट' गरेर प्रदेश सरकारसमक्ष आग्रह गरिएको जानकारी दिनुभयो। संकट व्यवस्थापन केन्द्रमा यस विषयमा व्यापक छलफल भएको र प्रदेश तथा संघीय सरकारसमक्ष पहल थालिएको उहाँले बताउनुभयो।

अस्पतालमा भेण्टिलेटर र आइसीयू सञ्चालनका लागि पहल भइरहेको छ। सबै राजनैतिक दलले आफ्नो तर्फबाट सक्दो प्रयास गरिरहेको जानकारी दिँदै डा झाले भौतिक पूर्वाधार र जनशक्तिको अभावका कारण तत्काल सञ्चालन गर्न निजी अस्पतालले महिना दिनको भाडा रु ३० लाख माग गरेको सुनाउनुभयो। सरकारले जनशक्ति र बजेट पठाए आकस्मिक कक्षमाथि निर्माणाधिन भवनमा भेण्टिलेटर सञ्चालन गर्न सकिने उहाँले बताउनुभयो।

भेण्टिलेटर प्रयोगमा ल्याउन तालिमप्राप्त चिकित्सक र नर्सको आवश्यकता रहेको उल्लेख गर्दै तालिम लिएकी नर्स किरण गुप्ताले २४ घण्टा सञ्चालनमा रहने भेण्टिलेटरका लागि पर्याप्त दक्ष जनशक्ति नभएको बताउनुभयो। भेण्टिलेटरले मात्रै थेग्न सक्ने अवस्था आएमा बिरामीलाई धरान, विराटनगरलगायत ठाउँ पठाउनुको विकल्प नरहेको सुनाउँदै डा झाले कोभिड-१९ कै कारण भेण्टिलेटर र आइसियु भरिएको अवस्थामा रहने गरेकाले समस्या भइरहेको सुनाउनुभयो।

कोरोना सङ्क्रमणबाट मृत्यु हुने सप्तरीका पाँच जनाकै श्वासप्रश्वासमा समस्या आएपछि उपचारका लागि धरान र काठमाडौंमा भर्ना भएपछि वा सो ठाउँ लैजाँदै गर्दा बाटोमा मृत्यु भएको स्वास्थ्य कार्यालयका निमित्त प्रमुख दुनियालाल यादवले बताउनुभयो। जटिल समस्यामा पुगेका बिरामीलाई भेण्टिलेटर र आइसियु आवश्यक रहे पनि व्यवस्थापन नहुँदा अस्पतालले अन्यत्र रेफर गर्ने गरेको छ।

## प्रदेश नं २ मा दुईको मृत्यु, ३९० नयाँ संक्रमित

जनकपुर, ७ भदौ (रासस)।

प्रदेश नं २ मा पछिल्लो २४ घण्टामा कोरोनाको सङ्क्रमणबाट दुई जनाको मृत्यु हुनुका साथै ३९० जना नयाँ सङ्क्रमित थपिएको छ। यस प्रदेशमा सो अवधिमा पर्साबाट ५६ वर्षीया एक महिला र सर्लाहीबाट ३१ वर्षीया एक महिला गरी दुई महिलाको कोरोना सङ्क्रमणबाट मृत्यु भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले छ।

योसमेत गरी प्रदेश नं २ मा कोरोनाको सङ्क्रमणको कारण मृत्यु हुनेको सङ्ख्या ६१ पुगेको छ। यसका साथै, पछिल्लो २४ घण्टामा धनुषामा ६० जना, पर्सामा १३९ जना, बारामा ३९ जना, महोत्तरीमा ३४ जना, रौतहटमा नौ जना, सप्तरीमा चार जना, सर्लाहीमा ९१ जना र सिरहामा १४ जना गरी ३९० जनामा कोरोना पुष्टि भएको प्रवक्ता गौतमले जानकारी गराउनुभयो। योसमेत गरी यस प्रदेशमा कोरोना सङ्क्रमितको सङ्ख्या आठ हजार ९१० पुगेको छ।


## हमरा सभक ऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैल ऽ वाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आ ऽ छिंकलासँ निकलैवाला थुक आ ऽ पोटाक ऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आ ऽ छिंकैत काल नाक, मुख झापु आ ऽ प्रयोग क्यालगेल टिसूपेपरक ऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलक ऽ २० सेकेण्डधरि हात धोबु। आ ऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आ ऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाक ऽ रहु। आ ऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आ ऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आ ऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन क ऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

आनुरोधकर्ता - **सूर्यनारायण मण्डल**
**अध्यक्ष**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**


## विश्व समाचार

### ट्रम्पद्वारा खोपको मानव परीक्षण ढिला गरेको भन्दै एफडीएको आलोचना

वाशिङ्गटन, ७ भदौ (रासस/एएनआई)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले स्थानीय समय अनुसार शनिबार कोरोनाभाइरस खोपको मानव परीक्षणलाइ सुस्त बनाउन खोजेका भन्दै अमेरिकी खाद्य तथा औषधि प्रशासन (एफडीए) को आलोचना गर्नुभएको छ।

"एफडिए वा यसका अधिकारीले औषधी कम्पनीहरूले खोप र उपचारको मानव परीक्षण प्रक्रियालाई धेरै जटिल बनाइरहेका छन्," ट्रम्पले भन्नुभयो।

उहाँले ट्वीट गर्दै भन्नुभयो, "स्पष्ट छ, तिनीहरू नोभेम्बर ३ सम्म यसबारे प्रतिक्रिया जनाउनसमेत ढिलाइ गर्नेछन्। मैले यो कुरालाई बुझेको छु। नागरिकको जीवन बचाउने गतिमा ध्यान दिनै पर्छ।" संयुक्त राज्य अमेरिकामा हाल तेस्रो चरणको परीक्षणका लागि कोभिड-१९ विरूद्धका तीन खोपहरू पर्खाइमा रहेका छन्।

जोन्स हकिन्स विश्वविद्यालयका अनुसार अमेरिकाका कूल ५६ लाख ६५ हजार ४०० भन्दा बढी व्यक्तिमा कोभिड-१९ सङ्क्रमण पुष्टि भइसकेको छ भने एक लाख ७६ हजार ३३२ सङ्क्रमितको मृत्यु भएको छ।

निर्वाचनको समयसीमा नजिकिँदै गर्दा भएका विभिन्न सर्वेक्षणले रिपब्लिकन पार्टीको तर्फबाट राष्ट्रपतिको उम्मेदवारसमेत रहेका ट्रम्पलाई कमजोर देखाइरहेका समय उहाँको यो भनाइ आएको हो।

राष्ट्रपति ट्रम्पको पक्षमा सर्वेक्षण रिपोर्टहरू नआउनुलाई अमेरिकाको कोरोनाभाइरस नियन्त्रण प्रयाससँग जोडेर पनि हेर्ने गरिएको छ।

### कोरोनाका कारण विश्वभरी आठ लाखको मृत्यु

वासिङ्टन, ७ भदौ (रासस/एएनआई)।

विश्वभरी फैलिएको कोरोनाभाइरसका कारण आइतबारसम्म मृत्यु भएकाहरुको सङ्ख्या आठ लाख पुगेको छ।

जोन हकिङ्स विश्वविद्यालयले शनिबार दिएको जानकारी अनुसार कोरोनासम्वन्धी समस्याका कारण मृत्यु भएका आठ लाखमध्ये सवैभन्दा धेरै अमेरिकाका रहेका छन्।

अमेरिकामा आइतबारसम्म एक लाख ७५ हजार ४२९ जनाको मृत्यु भएको छ भने दोस्रो धेरै ब्राजिलमा एक लाख १३ हजार ३५८ जनाको मृत्यु भएको छ।

त्यस्तै तेस्रो धेरै मानवीय क्षति बेहोरेको मेक्सिकोमा ६० हजार २५४, भारतमा ५६ हजार ८७५ र बेलायतमा ४१ हजार ४२३ जनाको कोरोनाका कारण ज्यान गएको छ। त्यस्तै इटलीमा ३५ हजार ४३०, फ्रान्समा ३० हजार ५१२, स्पेनमा २८ हजार ८३८ र पेरूमा २७ हजार ४५३ सङ्क्रमितको मृत्यु भएको छ।

त्यसैगरी सङ्क्रमितको सङ्ख्या अमेरिका, ब्राजिल र भारतपछि क्रमशः रुस, दक्षिण अफ्रिका, पेरू, मेक्सिको, कोलम्विया, स्पेन, चिली र इरान रहेका छन्।

### भारतमा १६ दिनमा २० लाख थप संक्रमित

नयाँ दिल्ली, ७ भदौ (रासस/पिटिआई)।

कोरोनाभाइरसबाट अत्यधिक प्रभावित भएको भारतमा पछिल्लो १६ दिनमा २० लाख सङ्क्रमित थपिएका छन्।

सरकारी अधिकारीहरुले दिएको जानकारी अनुसार जति पछि भयो, सङ्क्रमितको सङ्ख्या पनि त्यति नै बढी भइरहेको देखिएको छ।

भारतमा कोरोनाभाइरसबाट कूल सङ्क्रमितको सङ्ख्या आइतबारसम्ममा तीस लाख नाघिसकेको छ। तीमध्ये ७४.९० प्रतिशतलाई निको भइसकेको छ।

बाँकी केहीको मृत्यु भएको छ भने केहीको अहिले पनि उपचार भइरहेको छ। उनीहरु अझै पनि सङ्क्रमित अवस्थामै रहेका छन्।

केन्द्रीय स्वास्थ्य मन्त्रालयका अनुसार २२ लाख ८० हजार ५६६ जना सङ्क्रमणमुक्त भइसकेका हुन्। पछिल्लो एकैदिनमा भारतमा ६९ हजार २३७ जना सङ्क्रमित भएका छन् भने ९१२ जनाको मृत्यु भएको छ।

भारतमा अहिलेसम्म कोरोनाका कारण मृत्यु भएकाहरुको कुल सङ्ख्या ५६ हजार ७०६ पुगेको मन्त्रालयले जनाएको छ। भारतमा कोरोनाबाट सङ्क्रमित भएकामध्ये १.८६ प्रतिशतको मृत्यु भएको देखिएको छ।

भारतमा अहिलेपनि सात लाख सात हजार ६६८ जना सङ्क्रमित अवस्थामै रहेको मन्त्रालयको तथ्याङ्क छ।

# एकैरात तीन पसलमा चोरी



**दैनिक समाचारदाता**
**राजविराज, ७ भदौं ।**

निषेधाज्ञामा मानिसलाई घर बाहिर निस्कन समेत रोक लगाइएको बेला यहाँ तीनवटा पसलमा एकै पटक चोरी भएको छ ।

राजविराज ७ स्थित शिवमन्दिर नजिकै रहेको बिजय दास, कुवेर चौधरी र प्रदिप दासको पसल फोडेर चोरले शनिबार मध्यरात लाखौंको सामान लिएर गएका छन् ।

आइतबार बिहान पसल हेर्न आउँदा मात्र चोरी भएको थाहा पाएको दास श्रृंगार पसलका संचालक प्रदिप दासले बताए । चोरी भएका तीनवटै पसल श्रृंगार सामाग्रि बिक्रि गर्ने पसल छन् । सो पसलहरुदेखी भ्ण्डै सय मिटरको दुरीमा जिल्ला प्रशासन कार्यालय रहेको छ ।

रातभर सुरक्षाकर्मीको उपस्थिति रहने तथा निषेधाज्ञाका बेला भएको चोरी घटनाले सबै चकित परेका छन् । पीडितहरुको जानकारीका आधारमा आवश्यक अनुसन्धान र चोरको खोजतलास कार्य सुरु गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## *उपचारका लागि ...*

गाउँपालिकास्थित जनता मावि खुरहुरियाका प्रधानाध्यापक रहेका ५२ वर्षिय सूर्यनारायण यादवको आइतबार दिउँसो उपचारका लागि ल्याउँदा ल्याउँदै बाटोमै मृत्यु भएको सो अस्पतालले जनाएको छ ।

यता कोरोनाको आशंका गरिएकाले मृतकको स्वाब संकलन गरि पिसिआर परिक्षण थालिएको अस्पतालका मेडिकल सुपरिटेन्डन्ट डा. रन्जित झाले जानकारी दिए ।

# स्वाब दिए पनि अनिवार्य क्वारेन्टिनमा बस्नुहोस् : मन्त्रालय

काठमाडौं, ७ भदौ (रासस) ।

पिसीआरको स्वाब सङ्कलन गरिसकेपछि सबैलाई क्वारेन्टिनमा बस्न आग्रह गरिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले पिसीआर परीक्षण गरिसकेपछि पनि क्वारेन्टिनमा नबसेको भन्ने गुनासो आएकाले क्वारेन्टिनमा अनिवार्य बस्न अनुरोध गर्नुभएको हो ।

सरकारी अस्पतालका नर्सिङ, पारामेडिकहरूले व्यक्तिगत सुरक्षा कवच (पिपिइ) नपाएको भन्ने गुनासो आएकाले मन्त्रालयका दुईवटा कल सेन्टर १११५ र ११३३ मा खबर गरी पिपिइ लिन उहाँले अनुरोध गर्नुभयो ।

यस्तै काठमाडौंमा सङ्क्रमणको दर बढिरहेकाले सङ्क्रमतिको नजिक आएकाहरूलाई 'प्राइमरी कन्टचाक्ट' भनिएकाले ती प्राइमरी कन्टचाक्टमा आएकालाई तुरुन्तै पिसीआरका लागि स्वाब दिन मन्त्रालयका प्रवक्ता डा गौतमले अनुरोध गर्नुभएको छ ।

नेपालमा अहिलेसम्म पाँच लाख ९२ हजार ४१८ जनाको पिसीआर परीक्षण गारिएको छ । तीमध्ये ३१ हजार ११७ जनामा सङ्क्रमण, १८ हजार ३५० जनामा सङ्क्रमण निको र १४६ जनाको सङ्क्रमणका कारणले मृत्यु भइसकेको छ ।

"पिसीआर पोजेटिज आइसोलेसनमा गएकासँग सम्पर्कमा रहेका प्राइमरी कन्टचाक्टले सङ्क्रमितसँग सम्पर्क भएको अन्तिम दिनदेखि गणना गर्दा पाँचदेखि सात दिनभित्रमा स्वाब दिन अनुरोध छ", उहाँले भन्नुभयो, "सङ्क्रमितसँग भेटेको तुरुन्तै पिसीआर परीक्षण गरेपछि 'फल्स नेगेटिभ' आउँछ । नेगेटिभ आयो भनेर ढुक्क हुने तर सङ्क्रमणमा हुने डर हुन्छ । त्यसैले पाँचदेखि सात दिन कुर्नु पर्दछ र उक्त समयमा छुट्टै क्वारेन्टिनमा समेत बस्नुपर्दछ ।"

काठमाडौं उपत्यकामा नमूना परीक्षणका लागि १४ वटा अस्तालमा स्वाब सङ्कलन केन्द्र राखिएको छ । त्रिवि शिक्षण अस्पताल, वीरेन्द्र सैनिक अस्तपाल, निजामती अस्पताल, स्टार अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, वीर अस्पताल, नेपाल प्रहरी अस्पताल, भक्तपुर अस्पताल, सशस्त्र प्रहरीको बलम्बु अस्पताल, हचाम्स अस्पताल, नेपाल-चीनमैत्री अस्पताललगायतका १४ अस्पतालमा गई स्वाब दिनका लागि सङ्क्रमणको जोखिम भएका व्यक्तिलाई आग्रह गरिएको मन्त्रालयका प्रवक्ता डा गौतमले बताउनुभयो ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दु:ख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सावर्जनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

आनुरोधकर्ता - **आतेश कुमार सिंह**
**प्रमुख**
**बोदेबरसाईन नगरपालिका, सप्तरी**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*